# सम्पादकीय

नेपाल प्रज्ञा–प्रतिष्ठानबाट नियमित प्रकाशन हुँदै आएको समाज अन्वेषण विज्ञ समीक्षित अर्धवार्षिक जर्नलको चौथो अङ्क प्रकाशनका लागि तयार भएको छ। बहुलवादी संरचना भएको नेपाली समाजमा भाषिक, सांस्कृतिक, जातिगत, धार्मिक र क्षेत्रगत विविधता रहेको छ । यिनै विविधतालाई नेपालको संविधानले स्वीकार गरेको छ । नेपालभित्र बसोबास गर्ने सबै जातजाति, भाषाभाषी, धार्मिक मान्यताहरू, सांस्कृतिक पर्व र उत्सवहरू राष्ट्रका निधि हुन् । यी परम्परित संस्कृति समाजको आवश्यकता र समयसन्दर्भअनुसार परिवर्तित पनि हुन्छ । असल संस्कृतिको निरन्तरता र प्रोत्साहन तथा संस्कृतिका नाममा विकसित भएका खराब प्रथा र प्रचलनहरूलाई निरुत्साहित गर्दै अगाडि बढ्नु आजको आवश्यकता हो । नेपाली समाजमा उठाउनै पर्ने मुद्दाहरू धेरै छन्। समावेशी समानुपातिक सिद्धान्तअनुरूप राजनीतिक, शैक्षिक, प्रशासनिक, आर्थिकलगायतका क्षेत्रमा सबै वर्ग र समुदायको प्रतिनिधित्व हुनुपर्दछ। सामाजिकशास्त्रसँग जोडिएका विषय धेरै छन् । मानिसका जीवन र यससँग जोडिएका विविध पक्ष छन्। स्वास्थ्य विज्ञान, मानवशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, अर्थराजनीतिलगायतका विषय सिङ्गो राष्ट्रसँग सरोकार राख्ने विषय हुन्। नेपालमा बसोबास गर्ने विभिन्न व्यक्ति, वर्ग, समुदाय, आदिवासीले आफ्नो कतिपय मुद्दाहरू ओझेलमा परेको अनुभूति गरेका छन् । नेपालमा बोलिने सबै मातृभाषाको अवस्था, जातजातिका संस्कारहरू सम्बोधन गर्नुपर्ने विषय हुन्, यद्यपि सबै विषयलाई एकैचोटि सम्बोधन गर्न सकिँदैन। नेपाल प्रज्ञा–प्रतिष्ठानको यी विषयसँग सदैव चासो र सरोकार रहेको छ। यो अङ्कमा यस्ता पक्षसँग सम्बन्धित विविध विषयका २० ओटा लेखहरू समाविष्ट छन् । प्रकाशित भइसकेका अन्य अङ्कहरू जस्तै यो अङ्क पनि विषयगत विविधता र समावेशी बनाउने र लेखकहरूको सामग्री व्यवस्थापनमा एकरूपता गर्ने प्रयास गरिएको छ।

बहुआयामिक नेपाली समाजको अध्ययनअनुसन्धानमा रुचि राख्ने पाठक तथा अध्येताहरूका लागि यो जर्नलका लेखहरू महत्त्वपूर्ण सन्दर्भसामग्री हुनेछन् भन्ने विश्वास लिइएको छ। यस जर्नलमा समावेश गरिएका लेखहरूमा व्यक्त विचार तथा सन्दर्भसामग्रीका सम्बन्धमा लेखकहरू स्वयम् जिम्मेवार रहनुहुनेछ। हामीलाई विश्वस गरेर लेख पठाउनुहुने लेखकहरू तथा विज्ञ समीक्षकहरूप्रति हार्दिक धन्यवाद दिन्छौँ ।

प्रधान सम्पादक